भिमसेनथापा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाञ्चोक, गोरखा

२०७३

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या:-०७९/०८०

चलानि नं. २३६९

मिति:- २०८०/०३/२७

## सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

आ.व. २०७९/८० मा यस भिमसेनथापा गाउँपालिकावाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको लाभग्राहीले सामाजिक सुरक्षा नियमावली,२०७६ दोस्रो शंसोधन अनुसार नियम (९) को उपनियम (१) वमोजिम परिचयपत्र प्रत्येक आर्थिक बर्षको भदौ मसान्तसम्ममा नवीकरण गर्ने व्यवस्था भएकोले तपशिलमा उल्लेखित कागजपत्र सहित आफ्नो स्थायी ठेगाना रहेको वडामा स्वंम उपस्थित भई आ.व.२०८०/८१ देखि लागु हुने गरि सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्नुहुन अनुरोध छ। साथै सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा ४ को उपदफा ६ वमोजिम म्याद भित्र नविकरण नभएका लाभग्राहीको लगत कट्टा गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल:

- हालसालै खिचेको एक प्रति पासपोर्ट साइजको फोटो,
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि/वालवालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,
- ६० वर्ष उमेर ननाघेका विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि र वडा कार्यालयले जारी गरेको अर्को विवाह नगरेको प्रमाणित सिफारिस पत्रको प्रतिलिपि,
- ६० वर्ष उमेर नाघेका एकल महिलाको हकमा पतिको मृत्यु भएको भए पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि, सम्वन्ध विच्छेद भएकाको हकमा सम्वन्धविच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि, न्यायिक पृथकीकरण भएको हकमा न्यायीक पृथकिकरण भएको प्रमाणपत्रको प्रतिलिपि र विवाह नगरेको हकमा वडा कार्यालयको सिफारिस पत्र,
- पुर्ण अपाङ्ग र अति असक्त अपाङ्ग सामाजिक सुरक्षा भत्ता लाभग्राही हकमा प्रचलीत कानुन वमोजिम भिमसेनथापा गाउँपालिकावाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि

२०८०/३/२६.

..................

चित्र वहादुर अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

पुनश्च: तोकिएको समयमा परिचयपत्र नविकरण नगराएमा सामाजिक सुरक्षा भत्ता उपलब्ध नहुने र सोको जिम्मेवार स्वयम् लाभग्राही नै हुने व्यहोरा अनुरोध छ।